# रामग्राम नगरपालिका कार्यालय

## परासी, नवलपरासी

## बालमैत्री स्थानीय शासन (CFLG) नगर निर्माणका लागी तयार गरिएको आचार संहिता-२०७२

### बालबालिकाको लागि आचार संहिता

१. हामी बालबालिका अनुशासनमा बस्नेछौं ।
२. आफ्ना सम्पुर्ण महत्व पूर्ण काम समयमा सिध्याउने छौं ।
३. हामी बालबालिकाहरु कुलत र कुसंगतमा लाग्ने छैनौं ।
४. हामी बालबालिकाले शिष्ट भाषाको प्रयोग गर्नेछौं ।
५. बालबिबाहको लागी मन्जुरी हुनेछैनौं र अरुले गर्न लागेमा निरुत्साहित गर्नेछौं ।
६. सरसफाई, स्वास्थ्य र शिक्षाको विकासमा ध्यान दिनेछौं ।
७. अतिरिक्त कृयाकलापमा सहभागी हुनेछौं र अनावश्यक खर्च गर्नेछैनौं ।
८. सामाजिक हुनेछौं तथा घरमा निरक्षरता छ भनें घरका परिवारलाई साक्षर हुन सहयोग गर्नेछौं ।
९. अपरिचित ब्यक्तिको प्रलोभनमा तथा लहलहैमा लाग्नेछैनौं ।
१०. बालबालिकाका आधारभूत आवश्यक्ता तथा बाल अधिकारबारे जानकारी राख्दै अरुलाई पनि जानकारी दिनेछौं ।
११. अधिकारको नाममा कर्तब्य बिर्सिनेछैनौं र बिद्यालयको नियम अनुशासन पालन गर्नेछौं ।
१२. आफ्ना संस्कृति, रितिरिवाज र धर्मका सकारात्मक कुराका सम्मान गर्नेछौं ।
१३. आवश्यक परे घरपरिवारको अभिभावकको अनुमति लिएर मात्र बाहिर निस्कनेछौं ।
१४. विभिन्न बालक्लब र समुह मार्फत सरसफाई लगायत खाली जग्गामा रुख बिरुवा लगाउनेछौं ।
१५. वेसहारा, गरीब तथा निमुखाहरुको मद्धत गर्नेछौं ।
१६. बचत गर्ने बानी बसाल्नुको साथै फजुलखर्च गर्नेछैनौं ।
१७ . आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्नेछौं ।

### अभिभावकको लागि आचार संहिता

१. बच्चाले पाउनु पर्ने खोप ठीक समयमा लगाउनेछौं ।
२. बच्चाहरुलाई हामी अभिभावकहरुले खेल्ने मनोरन्जन गर्ने लगायत अतिरिक्त कृयाकलापमा सहभागी हुन प्रोत्साहित गर्नेछौं ।
३. विद्यालय जाने उमेर भएमा समयमै बालबिकास केन्द्र तथा बिद्यालय भर्ना गराउनेछौं ।
४. बिद्यालय जादाँ बालबालिकालाई घरबाट पोषणयुक्त खाजाको ब्यवस्थाको साथै सफा पोशाक लगाएर पठाउनेछौं ।
५. बालबालिकाको पढन लेख्न, खान सुत्न, खेल्न मनोरन्जन गर्न तथा संचारको प्रयोग गर्न समय तालिका बनाउनेछौं ।
६. बालबालिकाहरुलाई राम्रो संस्कार दिंदै स्वास्थ्य हेरचाह तथा पूर्ण स्तनपान गराउनेछौं ।
७. बालश्रम, बालबिबाह, बालयौन दुर्व्यवहार जस्ता कृयाकलापलाई सशक्त रुपमा निरुत्साहीत गर्नेछौं ।
८. बालबालिकाको नियमित सरसफाई जस्तै नुहाउने, कपाल काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने जस्ता गतिविधिमा निगरानी गर्नेछौं ।
९. बालबालिकासंग उमेर अनुसार फरक ब्यवहार गर्दै बालबालिको कुरा सुन्ने तथा सहि मार्ग निर्देशनमा सहयोग गर्नेछौं ।
१०. शिष्ट भाषाको प्रयोग र असल ब्यवहार गर्न सिकाउनेछौं ।
११. बालबालिकालाई राम्रो काम गर्न उत्साहित वा प्रेरित गर्नेछौं ।
१२. बालबालिकालाई अधिकार कर्तव्यबारे राम्ररी ज्ञान गराउनेछौं ।
१३. बालबालिकालाई घरपरिवार र वातावरणीय सरसफाईबारे जानकारी गराउनेछौं ।
१४. विवाह गर्ने उचित समय र उमेर हेरेर मात्र छोरा/छोरीको बिबाह गर्नेछौं । छोरा र छोरी दुवैलाई समान ब्यवहार गर्नेछौं ।
१५. आ-आफनो बालबालिकालाई जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराई पहिचानको अधिकारलाई संरक्षण गर्नेछौं ।
१६. लिङ्गको अधारमा भ्रुणहत्या कदापि गर्नेछैनौं ।
१७. गर्भवती आमालाई बच्चा जन्मनुभन्दा पहिले ४पटक तथा जन्मे पछि आमा र बच्चालाई आवश्यक खोप तथा पोषण समयमा उपलब्ध गराउनेछौं ।
१८. घरपरिवारमा गरिने निर्णयमा बालबालिकालाई समेत सहभागी गराउनेछौं ।
१९. घरमा खाना पकाउदा ,बच्चाको लागी कपडा किन्दा लगायतका सामान्य कुराहरुमा समेत बच्चाको ईच्छालाई कदर गर्नेछौं ।
२०. आफ्ना बालबालिकाहरुलाई जिवनउपयोगी शिप तथा ज्ञान हासिल गर्न सहयोग तथा उत्प्रेरित गर्नेछौं ।

### संघसंस्थाको लागि आचार संहिता

१. बालश्रम, बालशोषण, यौनशोषण तथा बालदुर्ब्यवहार गर्ने वा गराउनेलाई दण्डित गराउनेछौं ।
२. बालबालिकालाई धुम्रपान, मद्यपान तथा सुर्ति जन्य सामाग्री खरिद तथा बिक्रीबितरणमा प्रयोग नगर्न जनचेतना फैलाउनेछौं ।
३. होटेल, रेष्टुरेण्ट, कलकारखानामा बालश्रमिक नराख्नुको तथा रहन नदिनुको साथै बालबिबाह र बालदुर्ब्यवहारलाई अन्त्य गर्न सधैं सहयोग गर्नेछौं ।
४. बालबालिकाको रकम उनिहरुको बिकासमा खर्च गर्न तथा बालबालिकालाई समान अवसर, माया ममता तथा अर्थपूर्ण सहभागिता गर्न र गराउन सहयोग गर्नेछौं ।
५. बालबालिकाको शारीरिक, मानसिक, संबेगात्मक लगायत बिकासको लागि बिभिन्न कृयाकलाप संचालन गर्नेछौं ।
६.स्थानीय संघ संस्थामा बालसहभागिताको सुनिश्चितता गराउनुको साथै बालक्लब तथा बालसंजालहरुको अनुगमन गर्दै अभिभावकत्वको भुमिका निर्वाह गर्नेछौं ।
७.बालबालिकाहरु प्रतिको कर्तब्य पालना गर्दै बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि समर्पित रहनेछौं ।
८. बालअधिकारको सम्बर्न्धन संरक्षण र विकासमा आवश्यक भुमिका निर्वाह गर्ने छौ ।
९.आवश्यक्ता अनुसार जन्मदर्ता अभियान संचालन गरी सहज र सरल ढङ्गले जन्मदर्ताको ब्यवस्था गर्नेछौं ।
१० . कानुनी प्रकृया नपुगी जन्मदर्ता भइनसकेका बालबालिकाहरुलाई बिद्यालय भर्नामा रोक्नेछैनौं ।
११. नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य निकायको समय समयमा अनुगमन गरी खोप लगायत बाल स्वास्थ्य बारे सदैव सचेत रहन मद्दत गर्नेछौं ।
१२. स्थानीय जिल्ला अस्पतालमा बालरोग बिशेषज्ञको ब्यवस्था गर्न पहल गर्नेछौं ।
१३. स्थानीय बिद्यालयमा नमूनाको रुपमा योगा र अन्तरबिज्ञानको शिक्षा दिने ब्यवस्था मिलाउने छौं र पछि प्रतिफल हेरी बिस्तार गर्नेछौं ।

**आचार संहिताको सबैले पालना गरौ । रामग्राम नगरपालिकालाई बालमैत्री नगर निर्माणमा सहयोग गरौ ॥**

# रामग्राम नगरपालिका

## परासी, नवलपरासी

# बालअधिकार

बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षित हुन पाउने अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको समग्र अवस्थालाई बालअधिकार भनिन्छ ।

### बाँच्न पाउने अधिकार

- जन्मन पाउने, गर्भवति महिलाको विशेष स्याहार हुनुपर्ने
- खाना, आवास र कपडाको उचित ब्यवस्था हुनुपर्ने
- पौष्टिक आहार र स्वास्थ्य स्याहार पाउनुपर्ने
- आमा बाबु र अभिभावकको माया ममता पाउनुपर्ने
- स्वस्थ वातावरण र प्राथमिक उपचार पाउनुपर्ने



### संरक्षणको अधिकार

- जोखिमपूर्ण भेदभाव र कुरितिबाट संरक्षित (गर्भबाटै) हुन पाउने
- शारीरिक शोषण, यातना र श्रमबाट सुरक्षित हुन पाउने
- कानुनी सुरक्षा र संरक्षित हुन पाउने
- आमाबाबुको संरक्षण र निगरानी हुनुपर्ने
- हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षित हुन पाउने
- लागुपदार्थ तथा नसालु पदार्थबाट संरक्षित हुन पाउने
- बेचबिखन, ओसारपसारबाट संरक्षित हुन पाउने



### बिकासको अधिकार

- शिक्षा आर्जन गर्न पाउने
- मनोरन्जन र खेलका अवसरहरू पाउनुपर्ने
- आमाबाबुको समान माया ममता पाउनुपर्ने
- उचित स्वास्थ्योपचार र हेरविचार हुनुपर्ने
- शारीरिक, मानसिक, भावनात्मक र बौद्धिक विकासका लागि आवश्यक सुविधा र अवसरहरू पाउनुपर्ने
- उचित मार्गदर्शन र राम्रो वातावरणमा हुर्किन पाउनुपर्ने



### सहभागीताको अधिकार

- सामाजिक क्रियाकलापमा भागलिन पाउनुपर्ने
- जीवनका हरेक पक्षमा स्वतन्त्रपूर्वक सहभागि हुन पाउनुपर्ने
- रचनात्मक कार्यहरूमा सहभागि हुन पाउनुपर्ने
- जीवनका वारेमा सोच्ने, निर्णय लिने र केही गर्ने अधिकार हुनुपर्ने
- संघ संस्था खोल्न तथा सहभागी हुन पाउने
- आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने
- बालबालिकाको बिचार र भावनाको कदर गरिनुपर्ने



# बालमैत्री स्थानीय शासनका न्यूनतम सुचकका क्षेत्रहरु:

## सेवा प्रवाह सम्बन्धी सूचक:

### बाल बचाउँ :

१. ६ महिनाको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएको (आमाको दुध मात्र खुवाएको)
२. १ वर्ष भित्रकाबालबालिकाहरुले पूर्ण रुपमा खोप पाएको हुनुपर्ने
३. ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाहरुले भिटामिन 'ए' खाएका हुनुपर्ने, वर्षको २ पटक भिटामिन 'ए' र जुकाको औषधी
४. गर्भवती आमाले दक्ष स्वासथ्यकर्मीद्वारा सुत्केरी गराएको हुनुपर्ने
५. गर्भवती महिलाले कम्तिमा प्रसुति पूर्व ४ पटक प्रसुती पश्चात आमा र नवजात शिशुको स्वास्थ्य जाँच गराएको हुनुपर्ने
६. गर्भवती आमाले टिटनस विरुद्ध २ वटा खोप लगाएको हुनुपर्ने
७. गर्भवती तथा सुत्केरी आमाहरुले २२५ वटा आइरन चक्की खाएको हुनुपर्ने
८. एच.आई.भी. संक्रमित आमाहरुबाट जन्मिएका सबै बालबालिकाहरुले ए.आर.वी. प्रोफाईलल्याक्सीस खाएका हुनेछन्
९. सबै घरधुरीमा पिउने योग्य खानेपानीको सुविधा उपलब्ध भएको हुने छ
१०. चर्पी गएपछि, खाना खानु आगाडी बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ

### बाल संरक्षण:

१. ५ वर्ष मुनीका सबै बालबालिहरुको जन्म दर्ता हुनेछ,
२. बाल विवाहको संख्यामा कमि आएको हुनेछ,
३. निकृस्ट प्रकारको बालश्रमदर घटेको हुनुपर्ने,
४. घर परिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्य योजना गरी कार्यान्वयनमा ल्याइएको हुनेछ,
५. बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनेछ

### बाल विकास:

१. ४ वर्ष सम्मका बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका हुनेछन,
२. कक्षा १ का लागि विद्यालय जाने उमेर समूहका सतप्रतिशत बालबालिकाहरु विद्यालय भर्ना हुनुपर्ने,
३. ५ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभुत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएको हुनेछन्,
४. औपचारिक शिक्षाबाट बञ्चित बालबालिकालाई अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ,
५. प्रत्येक विद्यालयमा छात्र/छात्राका लागि अलग-अलग शौचालयको व्यवस्था हुनेछ,
६. प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनुपर्ने ।

### बाल सहभागिता:

१. स्थानीय निकायको निर्णय प्रकृयामा १२ देखि १८ वर्ष उमेरका बालबालिकाको संस्थागत सहभागिता संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,
२. स्थानीय निकायले सञ्चालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,
३. स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व गराउन संरचना निर्माण हुनुपर्ने,
४. स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनुपर्ने,
५. नगरपालिकामा बाल संजाल गठन भई प्रत्येक वडामा बाल समूह गठन भई क्रियाशिल रहेको हुनेछ,
६. जिल्ला, नगर र गा.वि.स. तहमा बाल संजाल गठन भएको हुनुछ ।

### संस्थागत विकास सम्बन्धी सूचकहरु:

१. स्थानीय निकायको परिषद् बैठक नियमित रुपमा सञ्चालन भएको हुनेछ,
२. स्थानीय निकायहरुले आफ्नोलागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्
३. स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ,
४. स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशिल रहनेछन्,
५. स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियशिल रहनेछन्,
६. स्थानीय स्तरमा बालविकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु सञ्चालन भएका हुनेछन्,
७. स्थानीय स्तरमा बालक्लबहरुको सक्रियता रहनेछ,
८. स्थानीय स्तरमा पारालिगल कमिटि र बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशिल रहनेछन्,
९. स्थानीय स्तरमा बाल सञ्जाल विकास भएको हुनेछ र जिल्ला स्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ,
१०. बालबालिकाहरुका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ,
११. जिल्ला, नगर तथा गाउँ विकास योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकिकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,
१२. बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

### अतिरिक्त सूचक:

१. प्रत्येक घरधुरीमा आयोडिन नुनको प्रयोग भएको हुनेछ ।

रामग्राम नगरपालिका, परासी
नवलपरासी